# गढवा गाउँपालिका

गढवा देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

# गाउँसभाको तेह्रौ अधिवेशन

आ.व. २०८०/०८१ को

# नीति तथा कार्यक्रम

२०८० जेष्ठ ३० गते

# गढवा गाउँपालिकाको नीति तथा कार्यक्रम २०८० जेष्ठ ३०

गढवा गाउँपालिकाको तेह्रौं गाउँ सभाको
सम्मानित तथा गरिमामय सदनमा उपस्थीत गाउँपालिका उपाध्यक्ष ज्यू,
गाउँसभाका सदस्य ज्यूहरु,
राष्ट्रसेवक कर्मचारी तथा उपस्थित सम्पूर्ण महानुभावहरु

गढवा गाउँपालिकाको यस तेह्रौं गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण महानुभावहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक परिवर्तन र संघीय लोकतान्त्रीक गणतन्त्रको प्राप्तिको क्रमसा भएका ऐतिहासिक आन्दोलनहरुमा बेपता, घाईतेहरुलाई स्मरण गर्दै आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गढवा निर्माण गर्ने हाम्रो संकल्प, समस्त गढवा वासीको विकास र समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा आदरणिय मतदातासँग गरेका प्रतिवद्दताहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेका छौं । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गढवा गाउँपालिका र सुखी  जनताको लक्ष्य हासील गर्न हाम्रा नीति तथा कार्यक्रमहरु परिलक्षित हुने छन् ।

गढवा गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासी तथा भूमिहिन, मुक्त कमैया र अव्यवस्थित बसोबासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्वआपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेको छ। यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सबैलाइ गम्भीर बनाएको छ । आन्तरिक र बाह्य बसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान बस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । उब्जाउ खेत बारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युबालाइ देशि भत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाइ आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासिल गर्नु परेको छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सेवा प्रवाहलाई व्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

## अवसर तथा चुनौतीहरु

अवसरहरू-

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यासहुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुन सहज हुनु ।
७. पर्याप्त जडिबुटि तथा पर्यटनको प्रचुर संभावना हुनु ।
८. खेतियोग्य तथा ठव्जनीयोग्य जमिन हुनु ।
९. पशु पालन यहाँका किशानको प्रमुख पेशा हुनु ।

**विद्यमान चुनौतीहरूः हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छनः**

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाइ कृषि व्यवसाय प्रति आकर्षित गर्नु ।
५. व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. प्राकृतिक स्रोत साधनको अबैध चोरी निकासी रोक्नु ।
८. विपद् व्यवस्थापन गर्नु ।
९. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
१०. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विनागरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
११. भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका बस्तीमा भवन निर्माण कार्यलाई रोक्नु ।
१२. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु ।

१३. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम्उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु ।
१४. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु ।
१५. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगाबालुवा ,गिट्टी ,) को मापदण्ड अवलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।
१६. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थातीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

अब म चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण प्रस्तु गर्दछु ।

## सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी

शिक्षक विद्यार्थी अनुपातका आधारमा विषयगत शिक्षक दरबन्दि मिलान कार्य अन्तिम चरणमा रहेको, दरबन्दि मिलानका क्रममा आधारभुत तथा माध्यमिक विद्यालयहरुमा तहगत स्वीकृत दरबन्दि नभएका विद्यालयमा कम्तिमा एक वटा स्वीकृत स्थायी दरवन्दिको व्यवस्था गरिएको, राष्ट्रपति शैक्षिक सुधार अन्तरगतका अधुरा भनव निर्माण सम्पन्न भएका, विद्यालयको मागमा आधारित कार्यक्रमहरुः शौचालय निर्माण, पर्खाल निर्माण र चुहिने जस्तापाता विस्थापित गर्ने कार्य सम्पन्न, विद्यालयहरुमा स्वच्छ पिउने पानीको व्यवस्था, दिवा खाजा कार्यक्रमलाई विद्यालयबाटै व्यवस्थापन गरी विद्यालय क्षेत्रमा जंकफूड निषेध गर्ने कार्य अगाडि बढाइएको छ । शिक्षा सम्मेलन सम्पन्न भएको छ । पालिकाबाट राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको खेलमा सहभागी खेलाडीहरुलाई सम्मान गर्ने कार्य गरियो । गढवामा रहेको १५ शैय्याको अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ । कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग बृध्दी भएको छ। विकासका विभिन्न क्षेत्रमा महिला तथा युबाहरूको संलग्नता बढेको छ । युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान तथा कभर्ड हल निर्माणको चरणमा छन । स्वास्थ्य तर्फ ३९ हजार ८७८ जनाले हातिपाइलेको औषधी सेवन गरेका, ५९८ जना १ वर्ष मुनीका बच्चाहरुले बि.सि.जी. खोप पाएको, ३९५ जनाले स्वास्थ्य संस्थाबाट सुत्केरी सेवा पाएको, ३१२ जनाको आँखाको मोति बिन्दुको अप्रेसन भएको, १७७ जना पाठेघरको क्यान्सरको जाँचबाट लाभान्वित भएका छन् । लोकसेवा तयारी कक्षा सञ्चालन भएकोमा ६० जनाको सहभागीता, ग र घ वर्गका अपाङगता भएका व्यक्ति १० जना लाई डिटर्जेन्ट पाउडर बनाउने तालिम तथा प्रविधि हस्तान्तरण, बालविवाह,

बालश्रम, मानब बेचविखन तथा ओसारपसार, लागू औषध तथा लागू औषध दुर्व्यसनी विरुद्दको सचेतनामुलक कार्यक्रम माध्यमिक विद्यालयका २१८ वालवालिकालाई अभिमूखिकरण, सामाजिक सुरक्षा तर्फ जम्मा ३७७९ लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गरियो भने ८६४ जन्म दर्ता, २३८ मृत्यू दर्ता, २६ सम्बन्ध विच्छेद, ४०७ बिवाह र १०९ बसाई सराई गरी जम्मा १७२७ व्यक्तिगत घटना दर्ता भएका छन्

## आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएका उपलब्धी

१० वटा बंगुर खोर, १० वटा भैसी गोठ सुधार, ६० हजार माछाका भुरा वितरण, ५ वटा स्थानमा पशु स्वास्थ्य शिविर संचालन, १२ क्वीन्टल हिउदे घाँसको विउ वितरण, ३१०० गाई भैसीलाई खोरेत रोगको खोप, २ हजार भ्यागुते खोप, १५ हजार बाख्रामा पि पि आर खोप, एक हजार बंगुरमा स्वीम फिवर खोप, ६० हजार पशु चौपायमा नियमित उपचार, १० थान च्यापकटर वितरण । ए ग्रेडको ३५ क्वीन्टल र बी ग्रेडको १५ क्वीन्टल टि.पि.एस. आलुको विउ वितरण, १०० जना तरकारी खेती तथा बाली संरक्षण सम्वन्धी तालिमबाट लाभान्वित, १७६ क्वीन्टल उन्नत गहुँको विउ वितरण, १ वटा तरकारी पकेट विकास कार्यक्रम, २६१० पाकेट कन्ये च्याउको वीउ वितरण, माटो परिक्षण मिनि ल्याब स्थापना एउटा, ४३ थान प्लाष्टिक मल्चिङ, इलेक्ट्रिक ७५ थान स्प्रेयर टंकी वितरण, ३९ वटा प्लाष्टिक टनेल निर्माण, २४३ थान हजारी वितरण, १२ थान पावरटिलर, ८ थान मिनि टिलर वितरण भएको छ । हेफर कार्यक्रम अन्तरगत २० वटा मूल समुह र ४० वटा उपहार समूह मार्फत १५६० महिलाहरु समुहमा आवद्द भएका छन् । १० जनालाई ढकिया बुनाई तालिम, १४ जनालाई थाकलको पातबाट सजावटका सामाग्री बनाउने तालिम, २० जना मधेसी मुस्लिम समुदायलाई सावुन बनाउने तालिम, ३० जनालाई चप्पल बनाउने तालिम दिई उधमीहरुको २ वटा समुह मिलि व्यवसायीक चप्पल उत्पादन २ स्थानमा सुरु भएको छ । रोजगार सेवा केन्द्र तर्फ ३८३ जनाले रोजगारी पाए भने ८ कि.मि. नयाँ बाटो ट्र्याक निर्माण स विभिन्न स्थानमा सरसफाइका काम भएका छन् । सहकारी तर्फ जनालाई कोपोमिस तालिम, जनालाई सहकारी व्यवस्थापन तालिम, ३५ जनाको सहकारी अध्ययन अवलोकन भ्रमण, २ जना सहकारी प्रशिक्षक उत्पादन जस्ता कार्यहरु भए ।

## वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापनलाइ समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिएकोछ । गाउँ मा रहेका सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन व्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएकोछ ।

दिगो फोहर व्यवस्थापनका लागि अध्ययन गरी नयाँ प्रविधिमा आधारित भै केही असल अभ्यासको थालनी भएकोछ ।

## सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजनिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी

४० जना जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता विकास तालिम सञ्चालन भएको, अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सचेतनामूलक कार्यक्रम सम्पन्न, नागरिक वडा पत्र तयार, २ पटक सार्वजनिक सुनुवाई सम्पन्न, गुनासो सम्बोधनका लागी प्रत्येक वडा कार्यालयहरु र गाउँपालिकाको कार्यालयमा सुचना पाटि र गुनासो पेटिका व्यवस्था, २६ वटा ऐन, नियमावली, कार्यविधी, निर्देशिका, रणनीति र मापदण्ड तयार

भएका छन् । पालिका तथा वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा जम्मा १४३ जना स्थायी तथा करार कर्मचारी कार्यरत रहेका छन् । प्रत्येक वडा कार्यालयहरुमा डिजिटल बोर्डको स्थानपना, सम्पूर्ण वडा कार्यालयहरु आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन् । इन्टरकम जडान, एकिकृत सूचना प्रणाली Testing कार्य भइरहेको छ । गाउँपालिकाको राजश्व शाखाबाट ३६ लाख ८७ हजार ३१२, वडा पालिका तर्फ ३८ लाख ३९ हजार ९३९, नदिजन्य पदार्थ तथा स्टक विक्रि र सर्पदंशबाट ३२ लाख ७० हजार र नदिजन्य ठेक्का तर्फ १ करोड ५६ लाख ३८ हजार ३९० गरी जम्मा २ करोड ६४ लाख ३५ हजार ६२१ राजश्व जम्मा भएको छ । यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ७६ अंक प्राप्त गरेको छ ।

राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजश्व स्रोतको दायरामा बृध्दि भएकोछ । ९४ संस्था/ व्यवसाय दर्ता, २५३ व्यवसाय/ संस्था नविकरण र २ दिन बजार अनुगमन भएको छ ।

(च) आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू

गाउँ सभाका सदस्यज्यूहरु,
अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१. "आधा समय पालिकालाई, आधा समय बालबालिकालाई" भन्ने मुल नाराका साथ गढवा गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयको अनुगमन गर्न शिक्षा शाखाले हरेक हप्ता जम्मा कार्यदिनको कम्तिमा ५० प्रतिशत दिन अनिवार्य विद्यालयमा अनुगमन गर्ने, शिक्षा समितिले गठन गरेको उपसमितिले पाक्षिकरुपमा १ दिन र शिक्षा समितिले मासिक १ दिन विद्यालयको अनिवार्य अनुगमन गरी शिक्षा समितिमा प्रतिवेदन पेश गर्ने र कार्यापालिकामा छलफल गर्ने व्यवस्था मिलाइने छ ।
२. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सबै विद्यालयमा सो अनुसारको पठनपाठनको व्यवस्था मिलाइनेछ ।
३. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।
४. गाउँपालिकाको स्थानीय शिक्षा पुस्तक तयार गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ ।
५. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।
६. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

७. संस्थागत विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गिकरण गरी वैज्ञानिक ढंगले शुल्क निर्धारण गरी लागु गरिनेछ ।

८. गत वर्षदेखी सुरुवात गरिएको अंग्रेजी माध्यमबाट पठनपाठन कार्य क्रमश सम्पूर्ण सामुदायिक विद्यालयहरुमा माथिल्लो कक्षाहरुसम्म निरन्तरता दिईनेछ ।

९. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

१०. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउन पहल गरिने छ।

११. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।

१२. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१३. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१४. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

१५. गाउँपालिका क्षेत्र भित्रका मदर्शा लगायतका धार्मिक शिक्षालयहरुको स्तर उन्नती गर्दै लगिने छ।

१६. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत व्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।

१७. गढवा गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारका लागि सम्पूर्ण वियालयका प्र.अ र शिक्षा शाखा बिच तथा प्र.अ. र सोही वियालयका शिक्षकहरुविच कार्य सम्पादन करार गरिनेछ । यसरी सम्झौता बमोजिम नतिजा हाँसिल गर्न नसक्ने शिक्षकका लागि दण्ड पुरस्कारको व्यवस्था गरिनेछ ।

१८. वियालयलाई जंकफूड मुक्त बनाउन शिक्षण संस्थाको १०० मिटर नजिक त्यस्ता पसल राख्न बन्देज गरिनेछ । साथै वियालयले प्रदान गर्ने दिवा खाजामा अनिवार्यरुपमा रैथाने बालि तथा स्थानीय सांस्कृति झल्किने परिकार सेवन गर्न प्रोत्साहित गरिनेछ । जंकफूड सम्बन्धी विषयबस्तु स्थानीय पाठ्यपुस्तकमा राखी सो सम्बन्धमा वियार्थीहरुलाई अधिक सचेत बनाइने छ ।

१९. गढवा गाउँपालिकाको शैक्षिक प्रोफाइल तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

२०. आफ्नै स्वामित्वमा जग्गा भएका वियालयहरुमा बालवाटिका निर्माण गरिने छ ।

२१. अपाङगता भएका बालबालिकाको तथ्याङक एकिन गरि श्रोत कक्षामा पढाउन आवस्यक छात्रबृत्तीको व्यवस्था गरिने छ ।

२२. एक वियालय एक कम्प्यूटर ल्याब, एक बगैचा र एक कार्यशालाको नीति अबलम्बन गरिने छ ।

२३. अनाथ, असहाय, विपन्न, अल्पसंख्यक तथा सिमान्तकृत समुदायका बालबालिकालाई उच्च शिक्षा तथा प्राविधिक शिक्षामा छात्राबृत्ती र आवाशिय वियालय संचालन गरिने छ ।

२४. गाउँपालिका भित्र एउटा वियालयलाई सुविधासम्पन्न नमुना वियालयका रुपमा विकास गरिने छ ।

२५. वियालयको गुणस्तर सुधारका लागि बालमैत्री वातावरण सिर्जना गर्ने, वार्षिक २ पटक अभिभावक भेला गर्ने, वियार्थी प्रगति समिक्षा गर्ने, शैक्षिक कार्यशाला गोष्ठि तथा अभिमूखिकरण गर्ने, वियालयको नतिजा विश्लेषण,

आगामी शैक्षिक शत्रको लक्ष्य निर्धारण गर्ने, शिक्षा समिति, विज्ञ समिति गठन गरि नियमित अनुगमन गरि सूचक सहितको मूल्याङ्कन पद्दति विकास गर्ने र वार्षिक परिक्षा पश्चात प्रगति प्रोफाईल संकलन गरि कक्षागत र विषयगत उपलब्धीको विश्लेषण गर्ने जस्ता कार्यलाई अवलम्बन गरिनेछ ।

२६. शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई उत्प्रेरणामूलक कार्यक्रम संचालन गरिनेछ ।

२७. कक्षा ५ को बार्षिक परिक्षालाई पालिका स्तरिय रुपमा सञ्चालन गरिने छ ।

२८. शिक्षाको गुणस्तर सुधार गर्न पूर्व विद्यालय शिक्षा / बाल विकास शिक्षाका कक्षामा विद्यार्थीलाई पढाईका लागी तयार गरिने छ ।

२९. विद्यालयको चल अचल सम्पतीको सुरक्षा र संरक्षण गरिने छ ।

३०. पढ्दै कमाउदै कार्यक्रममा विद्यालयलाई अनुदान उपलब्ध गराई प्रोत्साहित गरिने छ ।

३१. विद्यार्थी, शिक्षक, अभिभावकमा सकारात्मक भावना विकास गर्न जिवनोपयोगी शिक्षा प्रदान गरिने छ ।

## ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ ।

२. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

३. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

## ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो व्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

४. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उधमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

५. युवा उधमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

६. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्धमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

७. "एक वडा,एक व्यायामशाला" को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

८. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, व्युटि पार्लर, होटल म्यानेजमेन्ट, व्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिबिकोपार्जनमा सहजीकरण गरिनेछ।

९. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

## घ. श्रम तथा रोजगार सम्बन्धी नीति तथा कार्यक्रम

१. प्रधानमन्त्री रोज़गार कार्यक्रम अन्तरगत "श्रमको सम्मान, राष्ट्रको अभियान" कार्यक्रम मार्फत श्रममूलक रोजगारी सृजना गरिनेछ ।

२. बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन तथा अधावधिक गर्ने कार्यलाई व्यवस्थित गरिनेछ ।

३. वैदेशिक रोजगारमा जाने व्यक्तिहरुका लागी श्रम स्वीकृति र पुनः श्रम स्वीकृति सम्बन्धी कामकाजमा सहजिकरण गरिनेछ ।

४. आन्तरिक रोजगारीका संभावित अवसरहरुको पहिचान, सिर्जना तथा प्रवर्दनका लागि संघ, प्रदेश र स्थानीय तहहरु बीच समन्वय र सहकार्य गर्नका लागी यस आ.व. मा रोजगार रणनीति तयार गरिनेछ ।

५. रोजगारीको क्षेत्रमा रहेका अवसर एवं सम्भावनाहरुको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नविनतम उपाय एवं ढाँचा तथा विधिहरुको विकास गर्न रोजगार नीति तथा कार्यक्रमका सम्बन्धमा आवस्यक सुझाव दिन निजि, सहकारी तथा गैर सरकारी क्षेत्र र नागरिक समाज एवं संचार जगत समेतको सहभागितामा रोजगार संवाद मञ्च गठन तथा सञ्चालन गरिनेछ ।

६. यस गाउँपालिकामा सिर्जना गरिने रोजगारको अवसरमा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिलाई पहिलो प्राथमिकताको नीति लिइनेछ ।

## ङ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा लक्षित समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

४. "जेष्ठ नागरिकको सम्मान, परम्परागत ज्ञान सीप र अनुभवको हस्तान्तरण" भन्ने मूल नाराका साथ जेष्ठ नागरिक सम्मान, अनुभव आदान प्रदान तथा सहुलियतका कार्यक्रम संचालन गरिनेछ ।

५. सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

६. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

७. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

८. हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालनलाई निरन्तरता दिइनेछ ।

९. समुदायमा हुने सार्वजनिक कार्य तथा कार्यक्रमहरु अनिवार्य रुपमा लैङगिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाइने छ ।

१०. लक्षित वर्गलाई सिपमूलक तथा आय आर्जनमा टेवा पुर्याई व्यवासायीक बन्न उधमशील कार्यक्रम सन्चालन गरिनेछ ।

११. सबै प्रकारका हिंसा, विभेद, अन्धविश्वास, छुवाछुत तथा कुरिति र कुप्रथाको अन्त्य गर्न सचेतनामूलक कार्यक्रम गरिनेछ ।

१२. लक्षित वर्गको सुरक्षा तथा संरक्षणका लागी विभिन्न आवास, सेवा केन्द्र निर्माण तथा संचालनमा जोड दिइनेछ ।

१३. स्वास्थ्य संस्थाहरु सँग समन्वय गरी विविध कारणले मानसिक पिडा भोगिरहेका व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ ।

१४. बालमैत्री तथा बालश्रम मुक्त पालिका बनाउन आवस्यक पूर्व शर्तहरु हासिलमा जोड दिइनेछ ।

१५. शारीरिक रुपमा अशक्तता भएका व्यक्तिहरुको पहिचान गरिनेछ । पालिका भित्र बन्ने भौतिक संरचना मानव मैत्री बनाईनेछ ।

१६. सामाजिक सुरक्षा सेवाग्राहीको वार्षिक विवरण अधावधिक गर्न श्रावण र कार्तिकमा नविकरण सप्ताह संचालन गरिनेछ ।

१७. गाउँपालिका र वडा कार्यालयमा रहेका व्यक्तिगत घटना दर्ता सम्बन्धी जानकारीमूलक सूचना तथा प्रचारप्रसार गरी दर्ता भएका विवरणहरुको व्यवस्थित रेकर्ड राखिनेछ ।

## च. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित बनाइनेछ ।

२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँचको प्रबन्ध मिलाइने छ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइने छ।

४. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइ स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

५. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइने छ ।

६. आर्थिक रुपमा अति विपन्न गाउँपालिका वासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

७. कृषी अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

८. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य बनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ।

९. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

१०. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

११. सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

१२. मानसिक रोगबाट पिडित मनोपरामर्श तथा उपचारका लागि सहुलियतको व्यवस्था गरिनेछ ।

१३. स्वास्थ्य सेवामा उपचारात्मक, प्रवर्दनात्मक, प्रतिकारात्मक, पुनर्स्थापनात्मक तथा प्राथमिक स्याहार कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

१४. मोतिविन्दु निःशुल्क उपचार, जटिल रोगको पहिचान र निदान, सिक्कलसेल न्यूनिकरण तथा स्क्रिनिङलाई प्राथमिकता दिइनेछ ।

१५. स्वास्थ्य संस्थाहरुमा आवस्यक स्वास्थ्य उपकरण तथा सर्पदंश उपचार कन्द्रमा मेडिकल अधिकृत तथा अन्य दक्ष जनशक्तिको व्यवस्था गरि सेवा विस्तार गरिनेछ ।

१६. महिला स्वास्थ्य स्वयंसेविका र आमा समुहलाई प्रोत्साहन गरि गाउँगाउँमा स्वास्थ्य सचेतना संवाहकको रुपमा क्रियासिल बनाउन आवस्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. सुत्केरी पोषण भत्ता निरन्तरता गरी होमडेलिभरीलाई शुन्यमा झार्ने नीति लिइनेछ ।

१८. गाउँघर क्लिनक, घुम्ती शिविर, हल्थ डेस्कका माध्यमबाट स्वास्थ्यको पहुँच विस्तार गरिनेछ ।

१९. गोबरडिहा आयुर्वेद औषधालयको स्तरउन्नती गरि आयुर्वेद, होमियोप्याथी, योग, प्राकृतिक चिकित्सा प्रणाली, अक्यूपन्चर, अक्यूप्रेसर आदि उपचार पद्दतिमा जोड दिइनेछ ।

२०. निःशुल्क गर्भपतन सेवालाई निरन्तरता दिइनेछ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

२.१ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका , निजी क्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

२.२ उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र व्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक बातावरणको बिकास गर्न गाउँपालिकाले नीजि क्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय आर्थिक विकास सम्वाद मञ्च गठन गर्नेछ ।

२.३ नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको बिकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन ।

### क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका उद्योग बाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ ।

२. औधोगिक ग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ ।

३. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

४. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइने छ।

५. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने बातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।

६. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

७. परम्परागत रुपमा कुमाल समुदायले माटोका भाडाहरु बनाउदै आएकोमा उक्त माटोका भाडाहरु बनाउने उद्योगहरुलाई प्रविधिमैत्री बनाउदै सेरामिक्स उद्योगको हवको रुपमा विकास गर्ने ।

८. गढवा गाउँपालिकाले सञ्चालन गरेका सीपमूलक र व्यवसायमूलक तालिम मार्फत तालिम प्राप्त उधमीहरुले व्यवसाय सञ्चालन गरी उत्पादन गरेका उत्पादित सामाग्रीहरु अनिवार्य रुपमा उपभोगका लागी गाउँपालिका भित्रका कर्मचारी, जनप्रतिनिधीहरुलाई अनिवार्य खरिद गर्ने व्यवस्था गरिनेछ र अन्य संघ संस्था संग समन्वय गरिनेछ ।

९. विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

१०. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन होमस्टे संचालन गर्ने नीति लिईनेछ।

११. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्लेवोर्ड राखिनेछ।

१२. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।

१३. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका हरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।

## ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा व्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

२. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।

३. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

४. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।

५. दैनिक पर्याप्त खानाका कारण हुने पिडा तथा समस्यालाई पूर्णरुपमा हटाउन खाध्य सुरक्षाको प्रत्याभूत गराइने छ ।

६. व्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।

७. मासु पसललाई स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।

८. तरकारी उत्पादनको लागि व्यावसायिक, करेसावारी, बगरखेती, करार खेतीको लागि तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमूना कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ ।

९. कृषी क्षेत्रको व्यवसायीकरण, विविधिकरण, आधुनिकिकरण तथा यान्त्रिकरणका माध्यमबाट कृषिजन्य उत्पादन र उत्पादकत्वमा बृद्दि गर्ने नीति लिइनेछ ।

१०. कृषी सम्बन्धी वस्तुस्थिती र पालिकाबाट दिइने कृषी सम्बन्धी सेवा सुविधाको यथार्थ तथ्याङक संकलन गरी कृषी प्रोफाइल तयार गरिनेछ ।

११. कृषीजन्य उत्पादनमा जोड दिदै पालिकालाई कृषी जन्य उत्पादनमा आत्म निर्भर बनाउन साना सिँचाई कार्यक्रम , तरकारी खेतीमा विशेष अनुदान कार्यक्रम, कृषकहरुको क्षमता विकास तालिम, उत्पादनमूलक तथा सिर्जनशिल काम गर्ने कृषी फर्म, कृषी समुह र सहकारीहरुलाई प्रोत्साहन कार्यक्रम, बीउ विजन, मलखाद तथा कृषी औंजार खरिद र कृषीजन्य उत्पादनको ढुवानीमा अनुदान, आदि कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. बाली बीमा तथा पशु विमा जस्ता जोखिम वहन गर्ने कार्यक्रममा कृषकलाई जोड्न पहल गरिनेछ ।

१३. माटो परिक्षण मिनि ल्याब संचालन र माटो व्यवस्थापन सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

१४. गरिव र विपन्न परिवारहरु आवद्द कृषी तथा पशु उधमहरुलाई वातावरण अनुकुल उत्पादन पद्दतिको अनुशरण तथा दिगो नाफामूलक उधमको रुपमा सुदृढिकरण गरिनेछ ।

१५. भूउपयोग नीति अनुरुप भूमिको बर्गिकरण गरी खेती योग्य जमिनमा गैर कृषीजन्य गतिविधि गर्न रोक लगाउने साथै कृषी योग्य भूमीलाई बाझो राख्न नपाउने र जमिन भाडामा लिइ खेती गर्ने किसानलाई करार खेती कार्यक्रमका लागी प्रोत्साहित गरिनेछ ।

१६. गढवामा उत्पादन हुने रैथाने बालिको प्रवर्दन गर्न गढवा गाउँपालिका मातहतका सरकारी संस्थाहरुलाई अनिवार्यरुपमा ती बालिबाट बनेका परिकारको दिवा खाजा खाने व्यवस्था मिलाउने र पालिका भित्रका अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुलाई ती बालिबाट बनेका परिकार सेवन गर्न समन्वय बैठक आयोजना गर्ने नीति लिइने छ । सरकारी कार्यालयहरुले स्थानीय संस्कृति तथा परम्परा झल्किने परिकारलाई खाजाको रुपमा सेवन गर्ने व्यवस्था मिलाइनेछ ।

१७. कृषी आधुनिकिकरण र उत्पादकत्व बृद्दि सँगसँगै विषादिजन्य पदार्थको अत्यधिक प्रयोगले मानब जीवनमा पार्ने असर र ती विषादि जन्य उत्पादनलाई विषादि मुक्त गरी सेवन गर्ने उपाया सम्बन्धी प्रत्येक वडाको २ वा ३ वटा टोलमा अनिवार्य सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. चालु आन लागेको कृषी एम्बुलेन्स मार्फत कृषकका उत्पादनलाई बमा आयात हु .व.जारसँगको पहुँच विस्तार गर्ने नीति लिइनेछ ।

१९. रासायनिक मलको सट्टा प्राङगारिक मलको उत्पादन तथा प्रयोगमा प्रोत्साहित गरिनेछ ।

२०. स्थानिय उत्पादनलाई प्रवर्दन गर्न ब्राण्डिङ, लेवलिङ र प्याकेजिङका लागी आवस्यक समन्वय गरिनेछ ।

२१. उत्पादनमा प्रोत्साहन, उत्कृष्ट कृषकलाई सम्मान भन्ने नारालाई आत्मसात गरी यस वर्ष कृषी क्षेत्रमा उत्कृष्ट कार्य गर्ने कृषकलाई सम्मान तथा पुरस्कारको व्यवस्था मिलाइने छ ।

२२. पशुपालन व्यवसायलाई व्यवसायिक, आधुनिक, र प्रतिस्पर्धात्मक बजारमुखी बनाइने छ ।

२३. कृषी तथा पशु सेवालाई दैनिक वा तालिकिकरण गरी हरेक वडामा विस्तार गरिनेछ ।

२४. व्यवस्थित सेवा केन्द्र स्थापनाका लागी आवस्यक उपकरणको व्यवस्थापन गरिनेछ ।

२५. स्थानीय कुखुरा, हाँस, बट्टाई तथा कालिज पालन व्यवसायलाई प्रवर्दन गरिनेछ ।

२६. पशु विकासका लागी पालिकाले प्रदान गर्ने अनुदानलाई व्यवस्थित, अनुमानयोग्य र लाभग्राही लक्षित गरिनेछ ।

## ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेप कर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ ।

३. गाउँपालिका भित्र स्थापना हुने सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ ।

५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ ।
६. सहकारी सिद्दान्त अनुरुप अन्तर सहकारी समन्वय, सहकार्य, अध्ययन अवलोकनका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
७. यस गाउँपालिकामा सहकारी संजालको क्रियाशिलता, क्षमता विकास र यसको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

<u>गाउँ सभाका सदस्यज्यूहरु,</u>

## ३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिका को सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।
२. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय छापा तथा अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।
३. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।
४. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिका लाई सूचनामैत्रि बनाइनेछ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रवन्ध मिलाइनेछ।
२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
३. सभावाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।
४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

## ५. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) अध्यावधिक गरिनेछ।
२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्वन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन गर्ने गरी नागरिक गुनासो व्यवस्थापन प्रणाली व्यवस्थित गरिनेछ ।
३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
४. आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।
५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्वन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

७. पालिका भित्र हुने आपराधिक गतिविधी, चेतनास्तरका कारण हुने घटना, विभिन्न हिंसा, कुप्रथा आदिको न्यूनिकरण, निराकरण तथा निर्मूलिकरण गर्न स्थानीय प्रहरीको साझेदारीमा आमा समूह, महिला स्वास्थ्य स्वयम् सेविका, यूवा क्लव, बाल क्लव, स्थानीय पुरोहित आदि विभिन्न समुहको परिचालन गरिनेछ ।

८. गाउँपालिका बाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ ।

९. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

१०. गाउँपालिका को काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन मोबाइल एप्स निर्माण गरि वडापत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गरिनेछ ।

११. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकारले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

१२. मदिराजन्य पदार्थ उत्पादनलाई व्यवस्थित तथा व्यावसायिक बनाई खुल्ला रुपमा हुने उत्पादनलाई निरुत्साहित गरिने छ ।

१३. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि.सि.टि.भि. क्यामेरा जडान गरिनेछ ।

१४. नगर प्रहरी र वारुण यन्त्रका कर्मचारीहरुको सेवाको वैज्ञानिक ढंगले संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरी दरबन्दी संरचना निर्धारण गरी पदपूर्ति गर्ने नीति लिइनेछ।

१५. सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग निर्माण सामाग्री भण्डारण र फुटपाथ पसलहरुको अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै उचित व्यवस्थापन र नीजि क्षेत्रको सहकार्यमा उपयुक्त पार्किङ्ग स्थलहरु पहिचान गरी सञ्चालन गरिनेछ।

१६. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१७. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१८. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

१९. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचय पत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

२०. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति निर्माण गरि प्रयोगमा ल्याइने छ।

२१. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

## ६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी

### क. खानेपानी तथा सरसफाई

१. कोईलाबासको खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धनको व्यवस्था मिलाइनेछ।

३. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।

४. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

५. टोल विकास संस्था, सामुदायिक वन, खानेपानी तथा सरसफाई उपभोक्ता समिति र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

६. शुन्य फोहर प्रणाली सरसफाइ केन्द्र मार्फत आधुनिक प्रविधि अपनाइ वहुउपयोग (विटुमिन, प्लाष्टिक ब्लक) गरिनेछ ।

७. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

८. सडक किनारमा अव्यवस्थित रुपमा पशु चौपाया बाँध्ने कार्यलाई रोक लगाइनेछ ।

९. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

१०. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण गर्ने नीति लिईनेछ।

### ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययनलाई निरन्तरता दिइनेछ।

२. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्धन तथा बनको संरक्षण र क्षमतामा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्दि गरिनेछ ।

३. स्वच्छ गढवा गाउँपालिका स्वस्थ गढवाबासी भन्ने मुल नाराका साथ सरसफाई तथा स्वच्छता सम्बन्धी अभियान संचालन गरिनेछ ।

४. पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि तथा खहरे खोला नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्दि गरिनेछ ।

५. भू-सूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

६. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

७. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

८. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई व्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।
९. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
१०. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
११. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।
१२. सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

## ७. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार)सम्बन्धी नीति तथा कार्यक्रम

१. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।
३. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
४. आवासको हकलाइ सुनिश्चत गर्न अति विपन्न, असहाय, अशक्त नागरिकहरुको सुरक्षित आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।
५. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।
६. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।
७. निर्माण सम्बन्धी योजनाहरुको अति आवस्यकता बाहेक न्यूनतम ५ लाख भन्दा साना योजनालाई निरुत्साहित गरिनेछ र सो का लागी वडा र गाउँपालिका सँमपूरक कोषको स्थापना गरी ठुला योजनामा सिमा निर्धारण गरि सोही बमोजिम बजेट विनियोजन गर्दा प्रोत्साहन स्वरुप थप बजेटको व्यवस्था गर्नुका साथै आगामी आको बजेटलाई उपलब्धीको लेखाजोखाका .व. आधारमा बजेट विनियोजन गर्ने नीति लिइनेछ ।
८. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।
९. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।
१०. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

११. गाउँपालिका क्षेत्र भित्र आवासीय भवनमा "एक घर-दुई विरुवा" नीतिलाई अवलम्बन गरिनेछ।

१२. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

१३. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी बस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

१४. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१५. गाउँपालिका को स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१६. "एक वडा-एक पार्क" निर्माण नीतिलाई निरन्तरता दिइनेछ।

१७. निर्माणाधिन गाउँपालिका बसपार्कलाई समयमै सम्पन्न गरी आगामी आ.व.बाट प्रयोगमा ल्याइनेछ।

१८. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिका को ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

१९. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचनाको लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी औचित्यका आधारमा५ कार्यान्वयन गरिनेछ ।

२०. प्रभावकारी सम्पति व्यवस्थापनका लागि सम्पति व्यवस्था सूचना प्रणाली तयार गरी लागु गरिनेछ ।

२१. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजी क्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

<u>गाउँ सभाका सदस्यज्युहरु,</u>

## ८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिका को आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. वडा कार्यालयहरुसँग समन्वय गरी घरवहाल करको सुरुवात गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

६. विगतदेखि लिज वा वहालमा लगाइएका गाउँपालिका को स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानी बहाल रकम पुनरावलोकन गरिनेछ।

७. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

८. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विघुतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।
९. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।
१०. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।
११. अव्यवस्थित वसोवासीहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ।
१२. करदाताको कर लगतलाइ व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।
१३. पालिकाको कोषबाट आगामी आ मा बिलासिताका साधनहरु खरिदलाई निरुत्साहित गरिनेछ.व.।
१४. नदिजन्य पदार्थको अबैध चोरी निकासी र दोहन रोक्न छिमेकी पालिकासंग समन्वय गरिने छ ।

धन्यवाद

<u>गाउँ सभाका सदस्यज्यूहरु</u>

अब म आगामी आ.व.का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरू प्रस्तुत गर्न चाहान्छु ।

## आर्थिक विकास

१. स्थानीय आर्थिक विकास योजना तयार गर्ने ।
२. गौशाला व्यवस्थापन ।
३. कम्पोष्ट मल उत्पादन गर्न उद्योग स्थापना ।
४. व्यावसायिक कृषि पकेट क्षेत्र निर्धारण ।(धान क्षेत्र, मकै उत्पादन क्षेत्र, तरकारी उत्पादन क्षेत्र)
५. केरा पकेट क्षेत्र,
६. उन्नत पशुपालन पकेटक्षेत्र ।
७. व्यावसायिक पशुपालन(गाई, भैसी, बाखा, बंगुर, कुखुरा)।
८. व्यावसायिक तरकारी खेती (मौसमी, बेमौसमी)।
९. व्यावसायिक कुखुरा पालन।
१०. व्यावसायिक माछापालन।
११. कृषिउत्पादन संकलन केन्द्रहरूको निर्माण कृषि उत्पादनको बजारीकरण।
१२. स्थानीय अवस्था अनुसार भूउपयोग योजनाबाट कृषि पकेट क्षेत्र निर्धारण।
१३. पर्यटन विकास गुरूयोजना निर्माण ।
१४. ऐतिहासिक, धार्मिक, भौगोलिक महत्वका पर्यटकीय स्थानहरूमा पूर्वाधार निर्माण।
१५. स्थानीय उत्पादन बिक्री केन्द्र र कोशेली घरको स्तरिकरण ।
१६. पर्यटकीय पैदल मार्गको पहिचान, नक्सांकन तथा निर्माण ।
१७. पर्यटकिय क्षेत्रको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा प्रचार प्रसार ।
१८. औद्योगिक ग्रामस्थापना ।
१९. तुलनानात्मक लाभका क्षेत्र तथा प्रतिस्पर्धात्मक क्षमता भएका वस्तु उत्पादन।
२०. कृषि पकेट क्षेत्रमा स्थानीय कृषि उपज प्रशोधन सम्बन्धी उद्योग स्थापना ।

२१. स्थानीय उत्पादनको ब्राण्डिङ्ग तथा उत्पादनको बजारीकरण।
२२. सहकारी ऐन अनुसार सहकारी संस्थाहरूको दर्ता, अनुगमन र नियमन,सञ्चालन।
२३. व्यावसायिक कृषि तथा पशुपालनमा सहकारीको लगानी।
२४. डेरी उद्योगमा सहकारीको लगानी।
२५. माछापालनमा सहकारी ।
२६. मुख्य उत्पादनलाई मूल्य श्रृङ्खलामा आवद्ध गरी बजारीकरण।
२७. सहकारी संस्थाहरूको क्षमता विकास।
२८. श्रम र श्रमको माग सम्बन्धी अभिलेखन।
२९. आर्थिक/वित्तीय साक्षरता कक्षा सञ्चालन ।
३०. व्यावसायिक सीप विकास तालिम सञ्चालन ।
३१. वैदेशिक रोजगारमा गएका व्यक्ति/परिवारका लागि मनोसामाजिक परामर्श सेवा ।

## सामाजिक विकास

१. स्थानीय पाठ्यक्रम, शैक्षिक नीति तथा योजना तर्जुमा ।
२. विद्यालय पूर्वाधार सुधार तथा शैक्षिक सामग्री ।
३. गरिव तथा जेहेन्दार तथा संरक्षक नभएका विद्यार्थीहरूलाई छात्रवृत्ति निरन्तरता ।
४. भर्ना अभियान घरदैलो कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन ।
५. शिक्षक,विद्यार्थी र अभिभावक वीच अन्तरक्रिया।
६. गाउँपालिका तथा अन्तर विद्यालयस्तरीय खेलकुद ।
७. सूचना प्रविधि तथा कम्प्युटर ल्याव ।
८. वाल क्लव गठन तथा संचालन ।
९. शिक्षक तालिम (पुनर्ताजगी)
१०. शैक्षिक नीति तथा योजना तर्जुमा ।
११. विद्यार्थीसँग गाउँपालिका अध्यक्ष कार्यक्रम ।
१२. शैक्षिक नीति तथा योजना तर्जुमा ।
१३. प्राविधिक शिक्षालयको स्थापना ।
१४. कम्तिमा १५ वेडको अस्पताल स्थापना।
१५. स्वास्थ्य संस्थाको पूर्वाधार विकास।
१६. चिकित्सकको पदपूर्ति।
१७. एम्बुलेन्स सेवा विस्तार।
१८. स्वास्थ्य बिमाको पहुँच विस्तार।
१९. विज्ञहरुद्वारा स्वास्थ्य शिविर संचालन।
२०. स्वास्थ्य संस्थाको पूर्वाधार विकास।
२१. स्वास्थ्य शिविर संचालन।
२२. उपाध्यक्ष पोषण कोशेली कार्यक्रम ।
२३. स्वास्थ्य गुरुयोजना तयार गर्ने ।
२४. प्रयोगशाला स्थापना,व्यवस्थापन तथा संचालन ।

२५. खानेपानी तथा सरसफाइ वितरण व्यवस्था ।
२६. खानेपानी संरचनाहरूको निर्माण तथा मर्मत ।
२७. स्यानेटरी ल्यान्डफिलसाइटको खोज र निर्माण उच्च प्रविधियुक्त व्यवस्थापन
२८. खानेपानी प्रसोधन सम्वन्धि संरचना निर्माण।
२९. लैससास नीति तर्जुमा तथा समायोजन, संशोधन ।
३०. लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, बालबालिका, विपन्न वर्ग, लोपोन्मुख र सीमान्तकृत समुदाय सम्बन्धि खण्डीकृत तथ्याङ्क ।
३१. महिला सशक्तिकरण कार्यक्रम, नेतृत्व विकास तालिम, अभिमूखिकरण ।
३२. आयआर्जन, रोजगारी मुलक कार्यक्रम तथा सम्बन्धित तालिम
३३. लैङ्गिक विभेद, हिंसा तथा शोषण, बालविवाह रोकथामकालागी अभिमुखीकरण एवं सचेतनामूलक कार्यक्रम।
३४. महिला पुरुपको संयुक्त नाममा घर जग्गा पास गर्दा दिने छुटमा समायोजनको नियम बनाई लागू ।
३५. ज्येष्ठ नागरिक सम्वन्धी नीति, समायोजन, निर्माण तथा संशोधन ।
३६. अपाङ्गमैत्रि, बालबालिकामैत्रि, महिलामैत्रि भौतिक संरचना निर्माण ।
३७. लैङ्गिक विभेद, हिंसा तथा शोषण विरुद्ध विद्यमान व्यवस्थाको अभिमुखीकरण ।
३८. बालबिवाह रोक्न विशेष कार्यक्रम।
३९. ज्येष्ठ नागरिक सम्वन्धी नीति, समायोजन, निर्माण तथा संशोधन ।
४०. अपाङ्गता भएकालाई आवश्यक सहयोगि सामाग्री, कृतिम अङ्ग प्रदान ।
४१. सामाजिक सुरक्षा, सामाजिक संरक्षण।
४२. लक्षित वर्ग विशेष कार्यक्रम।
४३. युवा रोजगारी कार्यक्रम।
४४. विदेश पलायनवाट युवावर्गलाई रोक्न स्वदेशमानै विकासका कृयाकलाप ।
४५. गाउँपालिका स्तरीय कभर्डहल, खेलकुदस्थल व्यवस्थित गर्ने ।
४६. युवा, महिला तथा अपाङ्गता भएका व्यक्ति लक्षित खेलकुद ।
४७. खेलकुद प्रतियोगिता ।
४८. उत्कृष्ट खेलाडी सम्मान ।
४९. युवाको क्षमता विकास।
५०. प्रशिक्षक प्रशिक्षण।
५१. युवा, महिला तथा अपाङ्गता भएका व्यक्ति लक्षित खेलकुद क्षमता विकास।
५२. खेलकुद पूर्वाधारको विकास।

## भौतिक पूर्वाधार विकास

१. यातायात गुरु योजना अध्यावधिक गरी कार्यान्वयन ।
२. सडक मापदण्ड तथा नीति नियम निर्माण ।
३. स-साना पुलहरू तथा कल्भर्टहरू निर्माण ।
४. स-साना झो.पु.हरू, सडक पुलहरू निर्माण ।
५. सडक, गोरेटो बाटो, पदमार्गहरूको मर्मत तथा स्तरउन्नति ।
६. सर्भेक्षंण कार्यहरू गर्ने, डिपिआर तयार गर्ने र निर्माण ।

७. आवश्यकता अनुसार वैकल्पिक पदमार्ग निर्माण ।
८. उपभोक्ता तथा सरोकार निकायसँग समन्वय ।
९. ठुल्ठुला झो.पु. हरूको अध्ययन तथा निर्माण ।
१०. पर्यटकिय पदमार्गहरूको निर्माण तथा स्तरोन्नति ।
११. सडकपुलहरूको अध्ययन तथा निर्माण ।
१२. गाउँपालिकामा जोडिएका लोक मार्गहरूको निर्माण ।
१३. रणनैतिक सडकहरूमा पर्ने बसपार्कहरू निर्माण ।
१४. भवनको नमूना डिजाइन निर्माण ।
१५. स्थानीय डकर्मी र सिकर्मी तालिम ।
१६. सार्वजनिक जग्गा र भवनहरूको लगत संकलन र अभिलेख व्यवस्थापन ।
१७. ढल निकासको व्यवस्था ।
१८. सामुदायिक भवन ।
१९. फोहरमैला व्यवस्थापन ।
२०. सभागृह निर्माण ।
२१. अपाङ्ग मैत्री संरचना निर्माण।
२२. सार्बजनिक भवनहरूको लगत राखी अभिलेखीकरण ।
२३. सामुदायिक भवन निर्माण ।
२४. स्थानीय प्राविधिकलाई प्रविधि सम्बन्धी तालिम।
२५. सतह सिँचाइ निर्माण ।
२६. नयाँ प्रविधिमा आधारित (लिफ्ट सिँचाइ) सिँचाइ ।
२७. साना साना नद्रि नियन्त्रण ।
२८. बायो इन्जिनियरिङ ।
२९. पहिरो तथा बाढी नियन्त्रण ।
३०. लिफ्ट सिँचाइ प्रणालीको विकास ।
३१. जल उपयोग बहुउद्देश्यीय योजना तयार ।
३२. नदी तथा खहरे खोला नियन्त्रण ।
३३. विद्युत् योजनाको पहिचान ।
३४. लगानी प्रवर्धन ।
३५. वैकल्पिक ऊर्जा ।
३६. गोबर ग्यासमा अनुदान ।
३७. सुरक्षित विद्युत् प्रयोग गर्न चेतना अभिवृद्धि ।
३८. निजी क्षेत्रसँगको सहकार्य ।
३९. इ-लाइब्रेरी स्थापना ।
४०. थप टेलिफोन टावर निर्माण ।
४१. विद्युत् सूचना पूर्वाधार निर्माण ।
४२. संघ प्रदेश र स्थानीय तहमा विद्युतीय सूचना प्रणालीको आबद्धता ।

## वन, वातावरण तथा जलवायु परिवर्तन

१. सामुदायिक वनको लगत तयारी र कार्ययोजना तर्जुमा र स्वीकृति,
२. वन, पैदावार व्यवस्थापन,
३. जैविक विविधता संरक्षण,
४. अन्तर निकाय, अन्तर तह समन्वय र सहकार्य,
५. भू तथा जलाधार संरक्षण,
६. फोहरमैला व्यवस्थापन,
७. नर्सरी स्थापना ।
८. वृक्षरोपण क्षेत्रको पहिचान ।
९. निजी वनलाई प्रोत्साहन गर्न वन दर्ता गरेमा वार्षिक तिर्नुपर्ने राजस्व छुटको व्यवस्थापन ।
१०. पानी भरण पोखरीहरूको निर्माण ।
११. उपभोक्ता तथा सरोकार निकायसँग समन्वय ।
१२. जलवायु परिवर्तन अनुकुलन योजना निर्माण ।
१३. सुरक्षित, एकीकृत, बस्ती/आवास क्षेत्र पहिचान ।
१४. जडिबुटि पहिचान कार्यक्रम ।

## सुशासन तथा संस्थागत विकास

१. कानून निर्माण/पुनरावलोकन ।
२. सस्थागत स्व-मूल्यांकन ।
३. घुम्ती सेवा ।
४. सदाचार प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण।
५. पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि ।
६. संगठन तथा व्यवस्थापन अध्ययन ।
७. सूचना सञ्जालीकरण।
८. क्षमता विकास ।
९. कानून नर्माण र पुनरावलोकन ।
१०. संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने ।
११. नमूना ऐन, नियम, कार्यविधि र मापदण्डहरू ।